**निर्णयहरु :-**

निर्णय नं. १. जिल्लाका सबै पालिकाहरुमा कोभिड-१९ को संक्रमण भइरहेको, संक्रमणदर र मृत्युदरमा अपेक्षाकृत रुपमा कमी नआएकोले अझै केही समय निषेधाज्ञा गरी संक्रमणको नियन्त्रण, रोकथाम तथा संक्रमितको उपचार गर्नुपर्ने भएको हुँदा मिति २०७८/०२/२७ गते बिहान ०० : ०१ बजेदेखि मिति २०७८/०३/०२ गते राती १२ : ०० बजेसम्म तपसिल बमोजिम हुने गरी प्रमुख जिल्ला अधिकारीबाट निषेधाज्ञा जारी गर्ने ।

**तपसिल :-**

क) **सर्वसाधारणको आवतजावत सम्बन्धमा ।**

१) अत्यावश्यक काममा (औषधी खरिद, उपचार, खाद्यवस्तु तथा अन्य उपभोग्य वस्तु तथा सेवाको खरिद) बाहेक कोही पनि व्यक्ति घर बाहिर निस्कन तथा हिडडुल गर्न नपाइने । अत्यावश्यक वस्तु तथा सेवाको खरिदका लागि निस्कनै पर्ने भए अनिवार्य रुपमा मास्क लगाउने, भौतिक दुरी कायम गर्ने तथा तोकिएका स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डको अनिवार्य पालना गर्ने ।

ख) **अत्यावश्यक खाद्य सामग्रीको सम्बन्धमा ।**

१) तरकारी, फलफूल, माछा/मासु, दाना, एग्रोभेट, दुध डेरी, खाना पकाउने ग्याँस पसलहरु दैनिक बिहान ६ : ०० बजेदेखि बिहान ९ : ०० बजेसम्म मात्र सञ्चालन गर्ने ।

२) बुँदा नं. १) बाहेकका खाद्यान्न लगायत अन्य अत्यावश्यक उपभोग्य वस्तु तथा सेवाका हकमा आइतबार र बुधबार बिहान ६ : ०० बजेदेखि बिहान ९ : ०० बजेसम्म मात्र सञ्चालन गर्ने । यस्ता उपभोग्य वस्तु सकेसम्म उपभोक्ताले नजिकको पसलबाट खरिद गर्नुपर्ने ।

ग) **सभा सम्मेलन तथा सामाजिक कार्य सम्बन्धमा ।**

१) सबै प्रकारका सभा, सम्मेलन, गोष्ठी, सेमिनार, सिनेमा हल, पार्टी प्यालेस, मनोरञ्जन स्थल, सैलुन, ब्यूटी पार्लर, पुस्तकालय, भौतिक उपस्थितिमा हुने शिक्षण सिकाई क्रियाकलाप, समूहमा खेलिने खेलकुद र मानिसहरुको भीडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम गर्न नपाइने ।

२) विवाह/व्रतबन्ध/पास्नी को हकमा बढीमा १० जनासम्म स्वास्थ्य सुरक्षासम्बन्धी मापदण्डको अनिवार्य पालना गर्ने गरी आफ्नो घर वा बसेको स्थानमा मात्र गर्ने ।

३) विवाहको हकमा १ वटा सवारी साधन (बढीमा ५ जना सवार हुन पाउने) प्रयोग गर्ने गरी व्यानरका आधारमा सञ्चालन गर्न पाउने ।

४) मन्दिर, मस्जिद, चर्च आदिमा नित्य पूजा बाहेक सामूहिक भेला हुने, सामूहिक रुपमा आश्रय लिइ बस्ने खालका कार्यक्रम गर्न नपाइने ।

५) कोभिड-१९ वा जुनसुकै कारणले कुनै व्यक्तिको मृत्यु भएमा सो को मृत्यु संस्कारमा अधिकत्तम १५ जना भन्दा बढी सहभागी हुन नपाइने ।

घ) **<u>सार्वजनिक एवम् निजी सवारी साधन सञ्चालन सम्बन्धमा ।</u>**

१) सार्वजनिक एवम् निजी सवारी साधन सञ्चालनमा मिति २०७८/०२/२७ गते बिहान १ : ०० बजेदेखि मिति २०७८/०३/०२ गते राती १२ : ०० बजेसम्म सल्यान जिल्लाभर रोक लगाउने ।

२) अत्यावश्यक सेवाहरु जस्तै : एम्बुलेन्स, खानेपानी, विद्युत तथा दुरसंचार मर्मत, स्वास्थ्य सामग्री तथा अक्सिजन सिलिण्डर ढुवानी, डाँक सेवा र फोहोरमैला व्यवस्थापन सम्बन्धी ढुवानी तथा यातायातका साधनमा व्यानर वा प्रिन्टमा विषय उल्लेख गरी सञ्चालन गर्न सकिने ।

३) तरकारी, फलफूल, दुध तथा दुग्धजन्य पदार्थ, कुखुराको दाना, चल्ला पशुपंक्षीजन्य पदार्थ, भेटेरीनरी सम्बन्धी कार्य, इन्धन, खाना पकाउने ग्यासँ ढुवानीका लागि यातायातका साधनमा व्यानर वा प्रिन्टमा विषय उल्लेख गरी सञ्चालन गर्न पाउने ।

४) झण्डावाल सरकारी र निलो (कुटनीतिक) प्लेटका सवारी साधनहरु, स्वास्थ्य तथा सुरक्षा निकायले प्रयोग गर्ने सवारी साधन सञ्चालन गर्न पाइने ।

५) सार्वजनिक निर्माणको हकमा आवश्यक पर्ने निर्माण सामग्री ढुवानी गर्ने यातायातका साधनमा व्यानर वा प्रिन्टमा विषय उल्लेख गरी सञ्चालन गर्न पाउने ।

६) अन्तर्राष्ट्रिय उडानबाट विदेश जाने यात्रुको हकमा हवाई टिकट, पासपोर्ट तथा भिसाको आधारमा सवारी साधनलाई सहजीकरण गर्ने ।

७) सञ्चारकर्मी/पत्रकारको हकमा सूचना विभाग वा सम्बन्धित मिडिया हाउसले जारी गरेको परिचयपत्रमा आधारमा आवतजावत गर्न दिने ।

ङ) <u>कार्यालय/बैंक सञ्चालन सम्बन्धमा ।</u>

१) जिल्लामा सरकारी र सार्वजनिक कार्यालयका प्रमुखले आलोपालो पद्धतिअनुसार कर्मचारी खटाई कार्यालयको आन्तरिक व्यवस्थापकीय कार्य गर्ने । अत्यावश्यक बाहेक अन्य सार्वजनिक सेवा हाललाई स्थगन गर्ने ।

२) जिल्लामा रहेका बैंकहरु स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गर्ने गरी आइतवार, बुधवार र शुक्रवार बिहान १० : ०० बजेदखि दिउँसो २ : ०० बजेसम्म सञ्चालन गर्ने पाइने ।

३) सरकारी कार्यालय, बैंक, दुरसञ्चार प्रदायक संस्थाका सवारी साधनको हकमा बिहान ८ : ०० बजेदेखि १० : ०० बजेसम्म र बेलुका ५ : ०० बजेदेखि ७ : ०० बजेसम्म कार्यालयमा आवतजावतका लागि मात्र प्रयोग गर्ने गरी व्यवस्था मिलाउने ।

च) <u>अत्यावश्यक कार्यका लागि सवारी आवागमनमा जिल्ला प्रशासन कार्यालयबाट गरिने सहजीकरण ।</u>

१) मृत्यु संस्कारका लागि जानुपर्ने/फर्कनुपर्ने अवस्थामा व्यक्तिको निवेदन सहित सम्बन्धित वडाले सिफारिस पेश गर्नुपर्ने ।

२) बिरामीले एम्बुलेन्स बाहेकका अन्य सवारी साधन प्रयोग गर्नुपर्ने अवस्था भए व्यानर वा प्रिन्टमा विषय उल्लेख गरी सवारी साधन प्रयोग गर्न सकिने ।

३) बिरामीको भर्ना कार्डका आधारमा १ जना बिरामी कुरुवाले आवतजावत गर्न पाउने ।

४) बिरामीको थप उपचारका लागि जिल्ला बाहिर जानुपर्ने अवस्था भए बिरामीको रिफर कार्ड, भर्ना कार्ड, परिचय खुल्ने कागजातको प्रतिलिपि सहित कार्यालयमा नै उपस्थित भई निवेदन पेश गर्नुपर्ने ।

५) बुँदा नं. १) र ४) बाहेक अन्य कुनै पनि कार्यका लागि जिल्ला प्रशासन कार्यालयबाट सवारी पास जारी नहुने । साथै व्यानर वा प्रिन्टमा विषय उल्लेख गरे बाहेकको प्रयोजनका लागि सवारी साधन प्रयोग भए/गरेको पाइएमा कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८ को दफा २१ बमोजिम कारवाही गरिने ।

छ) **औषधी तथा स्वास्थ्य सामग्री सम्बन्धी पसल जुनसुकै समय निर्वाध रुपमा सञ्चालन गर्न पाइनेछ ।**

निर्णय नं. २. नेपाल सरकार, गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा) को प.सं.:- ०७७/०७८/०६, च.नं. ३३५८, मिति २०७८/०२/२४ गतेको पत्रसाथ प्राप्त **"नेपाली तथा विदेशी नागरिकहरु विदेशबाट नेपाल आउँदा पालना गर्नुपर्ने मापदण्ड, २०७८"** सम्बन्धमा जानकारी गराइयो । साथै उक्त मापदण्डको प्रभावकारी कार्यान्वयनका लागि जिल्लाका सम्पूर्ण स्थानीय तहमा समेत पठाउने निर्णय गरियो ।

निर्णय नं. ३. स्वास्थ्य सेवा कार्यालय, सल्यानमा प्राप्त भएको खोपको मात्राको आधारमा जिल्लाका ६२-६४ वर्षका नागरिकलाई मिति २०७८/०२/२५ गतेदेखि खोप अभियान सञ्चालन गर्न स्वास्थ्य कार्यालयले आवश्यक व्यवस्था मिलाउने ।